Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.**
**Singhadurbar Plaza**
**Kathmandu**

# Press Release

Date: 2076.01.01

## सिंहदरबार परिसरमा रावा बैंकको शाखा शुभारम्भ

नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं राष्ट्रिय वाािण्ज्य बैंक संचालक समितिका अध्यक्ष महेन्द्रमान गुरुङ्गले नेपालको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार परिसरमा राष्ट्रिय वाणिज्य बैक लिमिटेडको शाखा कार्यालय **सिंहदरबार परिसर**को आईतबार औपचारीक रुपमा शुभारम्भ गर्नुभएको छ । यो समेत बैंकको शाखा कार्यालयको संख्या २१८ पुगेको छ । सो समारोहमा प्रमुख अतिथि महेन्द्रमान गुरुङ्गले सिंहदरबार भित्र राष्ट्रिय वाणिज्य बैंकको शाखा खुलेपछि सरकारी आर्थिक कारोबार गर्न थप सहयोग पुग्ने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले रावा बैंकले दिगो आर्थिक विकासको लागि शहरी तथा ग्रामिण क्षेत्रमा प्राथमिकताका साथ शाखा खोली वित्तीय पहुंच विस्तार गरिने वताउनुभयो । उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका सदस्यहरु निर्मलहरि अधिकारी, रबिन्द्रलाल श्रेष्ठ, जनककुमार बराल, अर्जुनबहादुर अधिकारी, डा.माधबप्रसाद दाहाल, नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकारी, उपकार्यकारी अधिकृतहरु टेकराज जोशी, महेन्द्रप्रसाद अवस्थी, विभागीय प्रमुखहरु लगागत कर्मचारीहरुको उपस्थिती रहेको थियो ।

साथै, आजै राष्ट्रिय सभा गृहमा भएको अर्को एक कार्यक्रममा सम्मानीय प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्ना पिता मोहनप्रसाद ओली र सम्मानीय प्रधानमन्त्रीकी धर्मपत्नी राधिका शाक्यकी आमा धनमाया शाक्यको राष्ट्रिय वाणिज्य बैंकको समृद्धि बचत खाता खोली नेपाल सरकारले सुरु गरेको सबैं नेपाली नागरिकको बैंक खाता खोल्ने राष्ट्रिय अभियानको शुभारम्भ गर्नुभयो ।


हुलाक


ज्येष्ठ नागरिक
स्वास्थ्य बीमा
तथा
खोलौ
बैंक खाता
NBA
नेपाल बैंकर्स संघ